## नेपाल विद्यार्थी संघले वर्ष २०७९/०८० मा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरु :

- स्थानीय तह, प्रदेश र संघीय निर्वाचनमा प्रतिनिधि पठाई ने.वि.संघको निर्वाचन केन्द्रित परिचालन ।
- स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न साथै ने.वि.संघ पहिलो सङ्गठन बन्न सफल ।
- युग सापक्ष प्रविधि मैत्री समाज निर्माणको मूल उद्देश्यका साथ राष्ट्रिय स्तरमा (ALL NEPAL HACKTHON) प्रतिस्पर्धा कार्यक्रम सम्पन्न ।
- लोकतान्त्रिक समाजवादी अन्तर्राष्ट्रिय युवा सङ्गठन “IUSY WORLD CONGRESS & FESTIVAL” सम्मेलनमा संघको प्रतिनिधित्व एवं सहभागिता ।
- विद्यालय शिक्षा विधयेकमा छलफल एवं निष्कर्ष सहितको धारणा प्रस्तुतीकरण ।
- नेपालको समग्र शिक्षा नीति, युवाहरूको विदेश पलायन, रोजगारीको अवस्था अध्ययन गर्न एक महिने सुझाव संकलन, कार्यशाला, गोष्ठी एवं प्रतिवेदन तयार गरी प्रधानमन्त्री कार्यालय सहित सम्बन्धित निकायमा पैरवी ।
- इन्जिनियरिङ अध्ययन संस्थान IOE मा भएको शुल्क वृद्धि विरुद्ध आन्दोलन र आन्दोलन पश्चात शुल्क वृद्धि आंशिक रुपमा फिर्ता ।
- ने.वि.संघ र CTEVT बिच १२० जना दलित, मुस्लिम र पिछडिएको क्षेत्रका विद्यार्थीलाई निःशुल्क खाना बास ब्यबस्था सहित फार्मेसी पढाउने सम्झौता कार्यान्वयन ।
- जाजरकोट र पश्चिम रुकुममा गएको विनाशकारी भूकम्प पश्चात तत्काल राहत, उद्धार, रक्तदान र पुनर्निर्माणमा ने.वि.संघ परिचालित साथै भूकम्प प्रभावितका लागि प्रधानमन्त्री दैवी प्रकोप राहत कोष मा ७ लाख ११ हजार जम्मा ।
- नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको आयोजनामा भूकम्पबाट प्रभावित जाजरकोटका विद्यालयहरुको पुन: निर्माण गर्ने क्रममा श्री भेरी त्रिवेणी मा. बि मा ६ कोठे अस्थाई (TLC ) आवास निर्माण कार्य सम्पन्न गरि हस्तान्तरण गरीएको छ । साथै विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीहरु पनि हस्तान्तरण गरिएको छ ।
- “विश्वकर्मा-BATTLE OF TITANS” "International Robotic War Competition" अन्तर्राष्ट्रिय स्तरको रोबोटिक वार प्रतियोगिता सम्पन्न ।
- "Transforming Nepal’s Universities" शीर्षकमा एक हप्ते कार्यशाला गोष्ठी सम्पन्न ।
- काठमाडौं विश्वविद्यालयमा १३ वर्ष पछि “Youth Solidarity Festival” कार्यक्रम सम्पन्न ।
- पुर्वान्चल विश्वविद्यालयमा मौका परीक्षा दिन पाउने व्यवस्था नभएको सन्दर्भमा नेपाल विद्यार्थी संघ को नेतृत्वमा पहिलोपटक मौका परीक्षा दिन पाउने ब्यवस्था मिलाईयो ।
- नेपाल विद्यार्थी संघको निरन्तर आन्दोलन, खबरदारी र पैरवी पश्चात विश्वभरका नेपालीले आवेदन दिन पाउने गरी त्रिभुवन विश्वविद्यालय लगायतका विश्वविद्यालयमा नियुक्त हुने उपकुलपति योग्यता प्रणालीमा आधारित खुला प्रतिस्पर्धा बाट मात्रै चयन हुने ब्यबस्था मिलाउन सफल । (प्रधानमन्त्रीको ध्यानाकर्षण, छलफल, गोष्ठी, सडक बहस, लगायत दवाव मुलुक कार्यक्रम सम्पन्न)

## आगामी कार्ययोजना:

- नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन ।
- ७ प्रदेश ७७ वटै जिल्लामा प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
- "National Level Startup Fest" कार्यक्रम सञ्चालन गर्ने ।
- "National Level Moot Court Competition" राष्ट्रिय स्तरको मुट कोर्ट प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गर्ने ।
- "National Ethical Hacking Competition" कार्यक्रम आयोजना गर्ने ।
- “जय नेपाल” राष्ट्रिय विद्यार्थी महोत्सव आयोजना गर्ने ।
- गुणस्तरीय उच्च शिक्षाका लागि राष्ट्रिय स्तरमा दुई दिने कार्यशाला, गोष्ठी तथा सम्मेलनको आयोजना गर्ने।
- Mental Health, Anti Drug Awareness Campaign, Gender Violence, Climate change Adaptation and Awareness Program सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- नेपाली कांग्रेसका संस्थापक नेता, ने.वि.संघका सहिदहरू राष्ट्रिय विभूतिहरूको स्मृति एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसमा विभिन्न सृजनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- जाजरकोट केन्द्र विन्दु भएर गएको भुकम्पमा परि ज्यान गुमाउनु हुने नलगाड नगरपालिका उपप्रमुख सरिता सिंह को स्मृतिमा स्थायी विद्यालय निर्माण गर्ने ।
- ने.वि.संघको मुखपत्र संक्रान्ति पुस्तक प्रकाशन गर्ने ।
- विद्यार्थीको नेतृत्व एवं क्षमता विकास गर्न “कक्षा कोठा देखि राष्ट्र निर्माण सम्म” शिर्षकमा कार्यशाला गोष्ठी एवं प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- AI Workshop, Legal Literacy, Load the Code: Web Designs लगायतका निशुल्क तालिम एवं प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
- विविध ।

# नेपाल विद्यार्थी संघ १२ औं महाधिवेशनको प्रस्तावित कार्यतालिका

| क्र.स. | मिति | विबरण |
|---|---|---|
| १. | २०८० साल चैत्र १५ देखि २०८१ साल बैशाख १५ सम्म | सुझाव सङ्कलन एवं सदस्यता वितरण गर्न प्रतिनिधि चयन |
| २. | वि.स. २०८१ साल बैशाख २५ गते | अधिवेशन प्रतिनिधि चयन/प्रतिनिधि सूचि प्रकाशन |
| ३. | वि.स. २०८१ साल जेठ १ गते | मा.वि., उच्च मा.वि., CTEVT र क्याम्पसको अधिवेशन (सभा) |
| ४. | वि.स. २०८१ साल जेठ ३ गते | स्थानीय गाउँ नगर अधिवेशन (सभा) |
| ५. | वि.स. २०८१ साल जेठ ६-१० गते | उपत्यका भित्रका क्याम्पस विश्वविद्यालयहरु अधिवेशन (सभा) |
| ६. | वि.स. २०८१ साल जेठ १६ गते | ७७ वटै जिल्लाको अधिवेशन (सभा) |
| ७. | वि.स. २०८१ साल जेठ २५ गते | प्रदेशको अधिवेशन (सभा) |
| ८. | वि.स. २०८१ साल असार ११ गते | नेपाल विद्यार्थी संघको १२ औं केन्द्रीय महाधिवेशन |

**पुनश्च:** प्रस्तावित महाधिवेशनको कार्यतालिका संघको केन्द्रीय कार्यसमिति बैठकबाट आवश्यक संशोधन एवं परिमार्जन सहित अनुमोदन गरिनेछ ।


Nepal Students’ Union
Central Office
Anamnagar, Kathmandu

info@nsu.org.np   01-5904197   www.nsu.org.np


राष्ट्रियता ! लोकतन्त्र ! समाजवाद ! विद्यार्थी एकता !




### नेपाली काँग्रेसको महासमिति बैठकले पारित गर्ने प्रस्तावित नीतिमा नेपाल विद्यार्थी संघ, केन्द्रीय समिति द्वारा प्रस्तुत गरिएको



# परिकल्पना, प्रस्ताव एवं पैरवी

## नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमिति

२०८०

## पृष्ठभूमि

समावेशी, प्रतिनिधि मूलक सहभागिता, विदेश स्थित जनसम्पर्क समिति लगायत भातृ एवं शुभेच्छुक संघ संस्थाको प्रतिनिधित्व सहित नेपाली काँग्रेस पार्टीको आगामी कार्यदिशा तय गर्न देशैभरी बाट पाल्नु हुने आदरणीय महासमिति सदस्य ज्यूहरुलाई उपत्यकाको यस सुन्दर नगरी ललितपुरमा सम्पन्न हुने नेपाली काँग्रेस पार्टीको महासमिति बैठक स्थल गोदावरीमा हार्दिक स्वागत गर्दछौँ ।

नेपाली कांग्रेसको आगामी कार्यदिशा, पार्टीले अवलम्बन गर्नु पर्ने भावी नीति, कार्यनीति एवं रणनिति तयार गर्ने यस महासमिति बैठकलाई देश विदेशबाट आम नागरिक, बुद्धिजीवी, राजनीतिक दल, नागरिक समाज, विभिन्न संघ संस्था एवं अन्तराष्ट्रिय समुदायले चासोका साथ नियाली रहेका छन् । विद्यार्थी, हरेक पेशा, व्यवसाय, कर्मचारी एवं तरुणहरुका लागि कांग्रेसले कस्तो भविष्य कल्पना गर्न खोज्दैछ? तत्कालीन र दीर्घकालिक समस्या का साथै आम नागरिकका दैनिक जनजिविका सवालमा गरिने गहन छलफल कति परिणाममुखी बन्न सक्छ? भन्ने सर्वाधिक चासो को विषय बन्नु स्वभाविक हो । संगठन सञ्चालन प्रणाली, शिक्षा, स्वास्थ्य, रोजगार, सुशासन, मानव अधिकारको सुनिश्चितता, विधिको शासन, आर्थिक समुन्नतिका क्षेत्रमा पुनर्जागरण एवं सबलीकरणका लागि विशेष पहलकदमी महासमिति बैठकले गर्नेछ भन्ने हामीलाई विश्वास छ । नेपालको आर्थिक विकास, व्याप्त नकारात्मक सामाजिक मनोविज्ञान, विदेश पलायन, राजनीति प्रति आम जनमानसमा देखिएको नैराश्यताको विरुद्ध पारदर्शिता, दण्डहीनताको अन्त्य, जनउत्तरदायी सरकार सञ्चालन, असल र कुशल शासन, प्रशासनको सबलीकरण, निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता, शिक्षा र सामाजिक सुरक्षाको दायित्व, रोजगारको सृजना जस्ता क्षेत्रमा यो महासमिति बैठक केन्द्रित बन्ने छ भन्ने हाम्रो बुझाइ छ । राज्य संयन्त्रका सबै अगंलाई गतिशील, सहभागितमूलक र जवाफदेही बनाउदैँ नागरिक सचेतनाको अगुवाइ समेत नेपाली कांग्रेसको यो महासमिति बैठकको छलफलको विषय बन्नुपर्दछ ।

पार्टीको नीतिमा कोरा आदर्श, अति महत्वकांक्षी विषय मात्रै लिपिवद्ध नभई ठोस कदम चाल्न सक्छ कि सक्दैन भन्ने विषय उतिकै महत्वका साथ हेरिनुपर्छ । तसर्थ महासमितिबाट पारित हुने नीति कार्यन्वयन भए नभएको समीक्षा एवं पुनरावलोकन गर्ने एक छुटै स्वायत्त निकाय गठन गर्नु पर्दछ ।
नेपाली कांग्रेसको स्थापना देखि प्रजातन्त्रको पुर्नवहाली नहुँदा सम्म हाम्रा अग्रजहरूले अतुलनीय त्याग र बलिदानी गरेका छन् भने इमान्दारिता र नौतिकताको जगमा देश र जनताको हितमा निरन्तर रगत पसिना बगाएका छन् । अत : यस महासमिति मार्फत विश्व राजनीतिबाट खारिएको उत्कृष्ट लोकतान्त्रिक व्यवस्थाको जगेर्ना सहित इतिहासको सही समीक्षा, जिम्मेवारीयुक्त वर्तमान र भविष्यको सही आकलन गर्न सक्ने कांग्रेस बन्ने छ भन्ने संघको परिकल्पना छ ।

नेपाल विद्यार्थी संघ, केन्द्रीय समितिले प्रकाशन गरेको यस परिकल्पना, प्रस्ताव एवं पैरवी पत्रले आदरणीय महासमिति ज्यूहरुलाई नीति निर्माणको तहमा थप उर्जा एवं मद्दत गर्ने विश्वास लिएका छौं ।

## परिकल्पना

नेपाली जनताको करिव ७ दशक लामो संघर्ष र बलिदानी पश्चात प्राप्त भएको आजको व्यवस्थाले सोचे अनुरूप आम नागरिकको अवस्था परिवर्तन गर्न सकेको छैन भन्ने कुरामा हामी स्पष्ट छौ । तर त्यसको अर्थ यो व्यवस्थाको विकल्प खोज्नु होइन । यस व्यवस्थामा भएका सबल पक्षहरूलाई थप सबलीकरण गर्ने र दुर्बल पक्ष वा समस्यालाई निरुपण गर्दै आर्थिक समुन्नतिको यात्रा तय गर्नु आजको टट्कारो आवश्यकता हो ।
नेपाली कांग्रेसका आम कार्यकर्ता एवं समर्थकहरूलाई पार्टी सँग जोडी राख्न र पार्टीलाई तीनवटै तहको निर्वाचनमा नयाँ मतदाताको आकर्षणको बिन्दु बनाउन सक्ने गरी नीति तर्जुमा हुनेछ र पार्टी नेपाली जनताको सर्वाधिक लोकप्रिय राजनीतिक दल बन्ने छ भन्ने परिकल्पना साकार मात्र होइन समग्र राष्ट्र लाई नै प्रगति पथमा डोर्याउने छ भन्ने कुरामा हामी विश्वस्त छौ ।

## प्रस्ताव एवं पैरवी

नेपाल विद्यार्थी संघ, केन्द्रीय समिति यस महासमिति बैठकबाट पारित हुने पार्टीको नीतिमा देहाय बमोजिमका विषयहरू समेट्न प्रस्ताव गर्दछ ।

### राजानितिक नीति:

- संसदीय व्यवस्था, लोकतान्त्रिक मूल्य मान्यता को जगमा स्थापना भएका राजनीतिक दल र नागरिक समाजलाई एकताबद्ध गरि राष्ट्रिय हितका लागि अन्तराष्ट्रिय सम्बन्ध र विदेश नीतिमा सामान्जस्यता र एकरूपता कायम गर्न वि.पि.ले औँल्याएको राष्ट्रिय मेलमिलाप नीतिको मर्मलाई आत्मसाथ गर्दै नेपाली कांग्रेसको नेतृत्वमा साझा संकल्प सहितको नीति निर्माणका लागि आदरणीय महासमिति सदस्य ज्यू हरूलाई प्रस्ताव गर्दछ ।
- महासमिति बैठक अगावै पार्टीका विभागले आ–आफ्नो जिम्मेवारी भित्र पर्ने विषयमा वैज्ञानिक पद्धतिबाट अध्ययन अनुसन्धान र अन्वेषण गरि पार्टीको केन्द्रिय समितिमा नेपाली कांग्रेसको नीति निर्माण गर्न प्रस्ताव गर्दछ ।
- नेपाली काँग्रेस पार्टीको आन्तरिक लोकतन्त्र थप सुदृढीकरण गर्न पार्टीको विधान अन्तर्गत गठित भातृ संस्थाको अद्यावधिक विवरण निर्वाचन आयोग लगायतका सम्बन्धित निकायहरूमा कानुनले निर्दिष्ट गरे बमोजिम बुझाउनु पर्ने वैधानिक व्यवस्था गर्नुपर्दछ ।
- सबै खाले राजनीतिक गुटबन्दी र भागबण्डा को अन्त्य गर्दै कार्यक्षमता, अनुभव र योग्यताको आधारमा राष्ट्र एवं पार्टीको नेतृत्व चयन हुनु पर्ने व्यवस्था गर्नुपर्दछ ।

### सामाजिक नीति:

- सामाजिक रुपमा पछि परेका वा बहिष्करणमा परेका समुदाय वा वर्ग साथै द्धन्द पीडितहरूलाई समेत समानुपातिक समावेशी र सकारात्मक विभेदको सैद्धान्तिक एवं कानुनी जगमा समान अवसरको व्यवस्था मिलाउन र व्यावहारिक रूपमा लक्षित वर्ग सम्म प्रभावकारी र परिणाममुखी कार्यन्वयनका लागी यसका मापदण्डमा पुनरावलोकन गर्नु पर्ने देखिन्छ । साथै आरक्षण कोटामा एउटै व्यक्तिले पटक पटक अवसर लिने अवस्थाको पुनरावलोकन गर्नु पर्ने देखिन्छ ।
- संविधानको पूर्ण कार्यन्वयन गर्दै संक्रमणकालिन न्याय लाई यथा-सीघ्र टुंगोमा पुर्याउन नेपाली काँग्रेले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।
- नेपाली समाजमा व्याप्त सबै खाले विभेद अन्त्य गर्दै समतामूलक एवं उन्नत समाज निर्माण गर्न पार्टीले ठोस नीति निर्माण गर्नुपर्ने देखिन्छ ।
- धार्मिक स्वतन्त्रताको रक्षा गर्दै वैदिक सभ्यता, सनातन संस्कृतिको जगेर्ना संगै धार्मिक पर्यटनको प्रवर्द्धन गर्न गुरुयोजना निर्माण गर्नुपर्ने ।
- आर्थिक रूपले विपन्न, एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रम लागु गर्नुपर्ने । साथै अवकास प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी, सैनिक सबैले सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्राप्त गर्न सहज नीति अबलम्बन गर्नु पर्ने ।

### आर्थिक नीति:

- अन्तराष्ट्रिय लगानी प्रवर्धन तथा सुनिश्चितता का लागि मौजुदा कानुनहरू पुनरावलोकन गर्नुपर्ने ।
- **Internet** प्रविधिको उच्चतम् प्रयोग गर्दै **Digital Economy, Remote Work** लाई प्रवर्धन गर्न **Freelancing** मार्फत आर्जन गर्न सकिने अन्तराष्ट्रिय भुक्तानी सहजै प्राप्त गर्न सकिने प्रणालीलाई अर्थतन्त्रको अभिन्न अंग बनाउने गरि नीति तर्जुमा गर्नुपर्ने ।
- विश्व मानचित्रमै नेपाल एक श्रमिक आप्रवासीहरूको देश बन्दै गएको धरातलमा आप्रवासमा भएका नेपाली श्रमिकहरूले अन्तराष्ट्रिय कानुन मूल्य मान्यता र सिद्धान्तको आधारमा श्रमिकले अधिकार प्राप्त गर्नु पर्ने विषयको सुनिश्चितताका लागि महासमिति बैठकले नीतिगत व्यवस्था गर्नुपर्दछ ।
- नेपाल सरकारले तोकेको न्यूनत्तम ज्यालादर प्रति महिना रु.१७३०० कानुनमा स्पष्ट व्यवस्था भएता पनि व्यवहारमा लागू हुन नसकेको परिस्थितिमा सोको कार्यन्वयन सँगसँगै श्रमिक अधिकार सुनिश्चित गर्न ठोस नीति निर्माण गर्नु पर्दछ ।
- कृषि वालिका लागि घातक बाँदर, बँदेल तथा जंगली जनावरबाट हुने समस्यालाई मध्यनजर गर्दै, सोको निराकरणका लागि, कपास, अमला, अदुवा, अलैँची, टिमुर जस्ता वन्यजन्तुले हानी नगर्ने प्रकारका उत्पादनहरूमा जोड दिदैँ त्यस्ता उत्पादनलाई प्रोत्साहन गरि विशेष अनुदानको सुनिश्चितता गर्ने । साथै हिमाली तथा पहाडी भेगमा सिंचाई पानी को अभाव लाई मध्यनजर गरि कम सिंचाईमा उत्पादन हुने वाली नालि तथा रैथाने वालीको संरक्षण एवं प्रवर्धन गर्ने नितिगत व्यवस्था गर्नुपर्ने ।
- नव-प्रवर्तनमा र युवामा आत्मविश्वास बढाउन सबै क्षेत्रलाई समेटेर प्रभावकारी **Corporate Social Responsibility (CSR)** ऐन, नियमावली र **Board** निर्माण गरिनु पर्ने ।
- सौर्य, जलविद्युत तथा वायु उर्जाको उच्चतम् सदुप्रयोग गर्दै राष्ट्रलाई ऊर्जामा आत्म निर्भर बनाउन आवश्यक नीति निर्माण गर्नु पर्ने ।
- नवउद्यमी र उद्यमशीलतालाई प्रोत्साहन गर्न नेपाल सरकार बाट सहुलियतमा उपलब्ध हुने कर्जाको दायरा थप फराकिलो हुनु पर्ने ।
- नेपालको सहकारी क्षेत्रको सुधारका लागि मौजुदा नीति, कानून तथा संरचनागत ब्यबस्थाको तत्काल पुनरावलोकन गर्नु पर्ने ।
- स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न, विश्वमानचित्रमा नेपाली उत्पादनलाई चिनाउन, प्रयोगका लागि प्रेरित गर्न र नेपाली वस्तुका उत्पादनकर्ताहरु उत्प्रेरित गर्न ठोस् नीति तर्जुमा गर्नु पर्ने ।

### अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीति:

नेपालको राष्ट्रियता, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, स्वाधीनता, राष्ट्रिय सुरक्षा, असंलग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसंघको वडापत्र नेपाली कांग्रेसले स्थापनाकालदेखि अंगीकार गर्दै आएका अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिका मार्गनिर्देशक सिद्धान्त हुन् । राष्ट्रहित र राष्ट्रिय स्वार्थको संरक्षण तथा सम्वद्र्धन एवं विश्व शान्ति तथा सहअस्तित्व कांग्रेसको पहिलो प्राथमिकता बन्ने छ भन्ने विश्वास सहित राष्ट्रका अन्य दललाई समेत नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिमा एकरुपता कायम गर्न नेपाली कांग्रेसले पहलकदमी लिनुपर्ने देखिन्छ ।

### शिक्षा नीति:

- नेपाल सरकारले अन्तराष्ट्रिय फोरममा जाहेर गरेका प्रतिवद्धता अनुरूप तिनैवटा तहका सरकारले कुल बजेटको कम्तीमा २०% शिक्षा र अध्ययन अनुसन्धान क्षेत्रका लागि विनियोजन को सुनिश्चिता गरिनु पर्ने ।
- युवा तथा विद्यार्थी विदेश पलायन **BRAIN DRAIN** को समस्यालाई समाधान गर्न नेपालको शिक्षा प्रणाली (राष्ट्रियता केन्द्रित पाठ्यक्रम, नौतिक शिक्षा, प्रविधि मैत्री, माटो सुहाउँदो शिक्षा, वित्तिय साक्षरता ) समावेश हुनु पर्ने देखिन्छ ।
- कमाउदै पढ्दै **Learning while Earning** गर्ने नीतिलाई अवलम्बन गर्दै विद्यालय उच्च शिक्षा विधेयक परिमार्जन गरिनु पर्ने ।
- संघीय शिक्षा ऐन, उच्च शिक्षा छाता ऐन (विश्वविद्यालय ऐन) तत्काल सरोकारवाला निकाय सँग पर्याप्त छलफल गरि संसदबाट पारित गर्न महासमिति मार्फत नेपाली कांग्रेसको संसदीय दलले अग्रसरता लिनुपर्ने देखिन्छ ।
- संविधानको परिकल्पना बमोजिम आधारभूत तहको अनिवार्य र माध्यामिक तह सम्मको शिक्षा पूर्णत निशुल्क गर्ने पार्टीको शिक्षा नीतिमा लिपिवद्ध गरिनुपर्ने ।
- विद्यालय, विश्वविद्यालय एवं अन्य शिक्षण संस्था द्धारा वितरण गरिने छात्रवृत्तिलाई व्यवस्थित एवं पारदर्शी बनाउन शिक्षा मन्त्रालयले केन्द्रीय **“Central Scholarship Online Portal”** स्थापना गर्नु पर्ने ।
- कुलपति प्रधानमन्त्री रहने व्यवस्थाको पुनरावलोकन गरिनुपर्ने ।
- निजी विद्यालयका शिक्षकलाई सरकारी शिक्षक सरह सेवा सुविधा को सुनिश्चितता गरिनुपर्ने ।
- कक्षा ५ देखि ८ कक्षा सम्म अनिवार्य रुपमा **(ICT)** विषय अनिवार्य गरिनु पर्ने ।
- सामुदायिक तथा सरकारी शिक्षण संस्था एवं विश्वविद्यालयहरूलाई अन्तराष्ट्रिय ख्याति प्राप्त शिक्षण संस्था तथा विश्वविद्यालय सँग परस्पर हितको दृष्टिकोणले भगेनी लगायतका सम्बन्ध स्थापित गर्ने गरि शिक्षा नीति तय गरिनु पर्ने ।
- विश्वविद्यालय, **CTEVT**, आयोग, प्रतिष्ठान, सार्वजनिक संस्थान जस्ता न्यायलय जस्ता संस्थानमा दलीय भागबन्डाको अत्यका लागि प्रतिवद्धता यो महासमितिले गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थी स्वास्थ्य बिमा प्रभावकारी सञ्चालन गराउने सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि प्रत्येक वर्ष एक थान विद्यालय पोसाक निशुल्क उपलब्ध गराउनुपर्ने ।
- निजी विद्यालयद्धारा दिनुपर्ने १० प्रतिशत छात्रवृत्ति, कुनै सरकारी निकाय जस्तै वार्ड र नगरपालिका द्धारा छनोट को विधि स्थापना गर्ने ।
- शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्न शिक्षण पेशा सेवा आकर्षक हुनुपर्ने तथ्यमा आधारित भई शिक्षण पेशाको मर्यादा समेतलाई ध्यानमा राखी तदअनुसारको सेवा सुविधा एव निवृत्तिभरण उपलब्ध गराउनु पर्दछ ।
- आर्थिक रूपले विपन्न एवं जेहनदार छात्र छात्राहरूको उच्च शिक्षा हासिल गर्न पाउनु पर्ने अधिकारको सुनिश्चितताका लागि सहुलियतमा न्यूनतम ब्याजदरमा शैक्षिक कर्जा उपलब्ध गराउनुपर्ने नीतिगत व्यवस्था गर्नु पर्दछ । साथै शैक्षिक कर्जाको नाममा हुन सक्ने ( शिक्षामा बाहेक अन्य प्रयोजन हुन नदिन) बैंकिङ प्रणालीबाट मात्र सिधै सम्बन्धित शैक्षिक संस्थाको खातामा भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने ।
- **Artificial Intelligence** लगायतका प्रविधिको प्राज्ञिक प्रयोगमा जोड दिदै यस बाट सृजित हुन सक्ने सम्भाव्य विकृतिलाई न्यूनिकरणका लागि कानून निर्माण गर्न नेपाली काँग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने ।
- विश्वविद्यालयहरुमा शैक्षिक क्यालेन्डर लागु गर्न ने.वि.संघको पाँच “प” सूत्र ( प्रवेश, पाठ्यक्रम, पुस्तक, परीक्षा, परिणाम ।

जय नेपाल !

**दुजाङ शेर्पा**
**अध्यक्ष**
**नेपाल विद्यार्थी संघ, केन्द्रीय समिति**